**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २७ जनवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले भारत-युरोपीय संघ स्वतन्त्र व्यापार सम्झौता भारत र युरोपीय सङ्घ बीचको सम्बन्धको लागि एक महत्त्वपूर्ण उपलब्धि बताउनुभएको छ।**

- **सक्रिय शासन र सरकारी योजनाहरूको समयमै कार्यान्वयनको लागि प्रधानमन्त्रीको प्रमुख मंच प्रगतिले आफ्नो 50 औं बैठकको सफल आयोजनासँगै एक महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ।**

- पश्चिम बंगालमा नयाँ पुलिस महानिर्देशक नियुक्तिलाई लिएर स्थिति पुनः एक पटक जटिल बनेको छ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनद्वारा दार्जीलिङ पहाडका चालकहरूका विभिन्न समस्याहरु समाधान गर्न आज एक महत्वपूर्ण सभा पिन्टेल भिलेजमा सम्पन्न भएको छ।

- लामागाउँ गोल्डकप फूटबल टुर्नामेण्टको एघाह्रौं संस्करणमा लंगुरदाङ गेम्स एण्ड स्पोर्ट्स एसोसिएशन च्याम्पियन बनेको छ।

**प्रधानमंत्री नरेंद्र मोदी - भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत-युरोपीय संघ स्वतन्त्र व्यापार सम्झौता भारत र युरोपीय सङ्घबीचको सम्बन्धको लागि एक महत्त्वपूर्ण उपलब्धि बताउनुभएको छ। एक सामाजिक सञ्जाल पोष्टमा श्री मोदीले सबै युरोपीय नेताहरूलाई उनीहरूको रचनात्मक दूरदृष्टि र प्रतिबद्धताका लागि धन्यवाद दिनुभयो जसले यस सम्झौतालाई सम्भव बनाउनमा वर्षौंदेखि योगदान पुर्याएका छन्। यस सम्झौताले आर्थिक सम्बन्धलाई अझ प्रगाढ बनाउने, जनताका लागि अवसरहरू सिर्जना गर्ने र समृद्ध भविष्यका लागि भारत- युरोपीय संघको साझेदारीलाई बलियो बनाउने उहाले बताउनुभएको छ । प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, विश्वको दोस्रो र चौथो ठूलो अर्थव्यवस्थाहरूबीचको यो ऐतिहासिक सम्झौताले अभूतपूर्व अवसरहरू सिर्जना गर्नेछ र विकास र सहयोगको लागि नयाँ मार्गहरू खोल्नेछ। उहाले यो सम्झौताले सिंगो विश्वलाई फाइदा पुग्ने बताउनु भएको छ । प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, यस सम्झौताले प्रमुख क्षेत्रहरूमा गुणस्तरीय रोजगार सिर्जना गर्न, युवाहरू, व्यावसायिक प्रतिभा, विद्यार्थी र शोधार्थीहरूको लागि गतिशीलता बढाउन र डिजिटल युगको सम्भावनालाई उजागर गर्न मद्दत गर्नेछ। उहाले यो व्यापार सम्झौताले नवीनतालाई बढावा दिनुका साथै आपसी वृद्धिका लागि आर्थिक सम्बन्धलाई बलियो बनाउने बताउनु भएको छ ।

**विज्ञान और प्रौद्योगिकी मंत्री डॉ जितेन्द्र सिंह**

विज्ञान तथा प्रौद्योगिकी मन्त्री डा. जितेन्द्र सिंहले सरकारले वैज्ञानिक अनुसन्धान, नवाचार र क्षमता निर्माणलाई निरन्तर सहयोग गरिरहेको बताउनुभएको छ। गणतन्त्र दिवसको समारोहमा भाग लिने विज्ञान र स्टार्ट-अपका अतिथिहरूलाई सम्बोधन गर्नुहुदै उहाँले यस्तो मन्तब्य पोख्नुभएको हो । उहा अझ भन्नुभयो , 'प्रधानमन्त्री नरेन्द्र मोदीको व्यक्तिगत पहलमा विगत केही वर्षदेखि प्रख्यात शिक्षाविद्हरू, वैज्ञानिकहरू, डाक्टरहरू र नवप्रवर्तनकर्ताहरूलाई गणतन्त्र दिवस समारोहमा विशेष रूपमा आमन्त्रित गरिएको छ। यसले के देखाउँछ भने प्रधानमन्त्री नरेन्द्र मोदी वैज्ञानिकहरू र शिक्षाविद्हरूलाई सम्मान गर्न चाहनुहुन्छ अनि उनीहरूलाई उच्च स्तरमा राष्ट्रिय संस्थाहरूसँग संलग्न हुने अवसर प्रदान गर्नुहुनेछ

**सरकार -युजीसी- नयाँ दिशानिर्देश**

सरकारले आश्वासन दिएको छ कि विश्वविद्यालय अनुदान आयोग यू.जी.सी को नयाँ दिशानिर्देश क्याम्पसहरूमा जातीय भेदभावलाई सम्बोधन गर्न हो र यसको दुरुपयोग गरिने छैन। शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आज पत्रकारहरूसँग बातचीत गर्दै भन्नुभएको छ -विभेदको नाममा कानूनको दुरुपयोग नहोस् भन्ने कुरा सुनिश्चित गर्नु केन्द्र, राज्य सरकार र विश्वविद्यालय अनुदान आयोगको जिम्मेवारी हो। मन्त्रीले अझ भन्नुभयो - यो मुद्दा सर्वोच्च न्यायालयको निगरानीमा छ र सबै कार्यहरू संविधानको दायराभित्र रहनेछन्।

**केंद्रीय बजट 2026-27**

केन्द्रीय बजेट २०२६-२७ को तयारीको अन्तिम चरण आज नयाँ दिल्लीमा हलवा समारोहबाट शुरु भयो। वित्त मन्त्री निर्मला सीतारमणका साथै मन्त्रालयका सबै विभागका सचिवहरू र बजेट तयारीमा संलग्न अन्य वरिष्ठ अधिकारीहरू समारोहमा उपस्थित थिए। वित्तमन्त्री सितारमणले बजेट प्रेसको भ्रमण गरी तयारीको समीक्षा गर्दै सम्पूर्ण बजेट टोलीलाई शुभकामना दिनुभयो । आगामी १ फरवरीमा बजेट प्रस्तुत गरिने छ ।

**प्रगति - विशेष समाचार**

सक्रिय शासन र सरकारी योजनाहरूको समयमै कार्यान्वयनको लागि प्रधानमन्त्रीको प्रमुख मंच प्रगतिले आफ्नो 50 औं बैठकको सफल आयोजनासँगै एक महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले 2015 मा प्रगतिको सुरुवात गर्नुभएको थियो, जसले प्रमुख पूर्वाधार परियोजनाहरू र जनगुनासोहरूको प्रत्यक्ष समीक्षा मार्फत वास्तविक-समयमा परियोजना क्रियान्वयन र समाधानलाई सक्षम पारेर शासनमा क्रान्तिकारी परिवर्तन ल्याउने लक्ष्य राखेको छ। यो मंच सहकारी संघीयताको एक उत्कृष्ट उदाहरण हो, जसले केन्द्र, राज्य र केन्द्रीय मन्त्रालयहरूलाई एउटै डिजिटल मंचमा एकसाथ ल्याउँछ। एक दशकभन्दा अधिक समयदेखि, प्रगतिले निर्णय लिने प्रक्रियालाई तीव्र बनाउन, प्रमुख बुनियादी ढाचा बिकास परियोजनाहरूमा ढिलाइका कारणहरूलाई सम्बोधन गर्न र जवाफदेहिताको बलियो संस्कृतिलाई बढावा दिन मद्दत गरेको छ। आज, यस विशेष शृङ्खलामा, हामी ओडिशाको हरिदासपुर-पारादीप नयाँ रेलवे लाइन परियोजनाबारे जान्नेछौं।

1-बाइट -अशोक चौरासिया

**पश्चिम बंगाल-एस.आई.आर प्रक्रिया**

पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरिक्षण एस.आई.आर प्रक्रियालाई लिएर यो मुद्दा सर्वोच्च न्यायालयमा विचाराधीन छ। यसैबीच यस विषयमा आज कलकत्ता उच्च न्यायालयमा नयाँ याचिका दर्ता गरिएको छ । याचिकामा एसआईआर प्रक्रियाको वैधतामाथि प्रश्न उठाइएको छ र आरोप लगाइएको छ कि संशोधनको लागि कुनै ठोस र स्पष्ट कारण दिइएको छैन। आज बिहान याचिकाकर्ताका वकिलले यो मुद्दा न्यायाधीश कृष्ण रावको जानकारीमा ल्याए, त्यसपछि याचिका दर्ता गर्न अनुमति दिइयो। अदालत सुत्र अनुसार यो मुद्दाको सुनुवाई ६ फरवरीमा हुने सम्भावना छ । याचिकामा दाबी गरिएको छ कि एसआईआरको नाममा आम मानिसलाई अनावश्यक रूपमा प्रताडित गरिएको छ र मानिसहरूलाई सानो मुद्दामा पनि सुनुवाइका लागि बोलाइएको छ। तृणमूल कांग्रेसले यसअघि पनि यस विषयमा धेरै पटक आपत्ति जनाउँदै आएको छ । राज्यका प्रशासनिक प्रमुखले राष्ट्रिय निर्वाचन आयोगलाई यस प्रक्रियामाथि प्रश्न उठाउँदै धेरै पत्रहरू पनि पठाएका छन्। सर्वोच्च न्यायालयमा दर्ता गरिएको मुद्दाको सुनुवाइका क्रममा सर्वोच्च न्यायालयले निर्वाचन आयोगलाई 'तार्किक विसंगति'को सूची सार्वजनिक गर्न निर्देश दिएको थियो र यस सम्बन्धमा धेरै महत्त्वपूर्ण आदेशहरू पनि पारित गरेको थियो। यस पृष्ठभूमिमा, कलकत्ता उच्च न्यायालयमा नयाँ याचिका दर्ता गरेसँगै यो मामिला फेरि चर्चामा आएको छ।

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन-चालकबर्ग -सभा सम्पन्न**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनद्वारा दार्जीलिङ पहाडका चालकहरूका विभिन्न संगठनका प्रतिनिधिहरूको उपस्थितिमा चालकहरुको विभिन्न समस्याहरुलाई लिएर आज एक महत्वपूर्ण सभा पिन्टेल भिलेजमा सम्पन्न भयो । गोर्खाल्याण्ड क्षेत्रीय

प्रशासनका डिपुटी चेयरम्यान राजेस चौहानको अध्यक्षतामा सम्पन्न भएको सभामा चालकवर्गले भोग्दै आएका विभिन्न समस्या र चुनौतीहरूबारे गम्भीर चर्चा गरिएको थियो।सभामा उपस्थित प्रतिनिधिहरूले चालकहरूको विभिन्न समस्याको विषयहरूलाई प्रमुख रूपमा उठाएका थिए। लामो समयदेखि समाधान हुन नसकेका यी समस्याले चालकवर्गको जीविकोपार्जनमा प्रत्यक्ष असर पार्दै आएको वक्ताहरूले बताएका थिए। विस्तृत छलफलपछि सभाले चालकवर्गको हितमा समस्याहरू समाधानतर्फ अघि बढ्ने उद्देश्यसहित केही महत्वपूर्ण प्रस्तावहरू पारित गरेको छ। पारित प्रस्तावहरूलाई सम्बन्धित निकाय गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन समक्ष प्रस्तुत गरी यथाशिघ्र  कार्यान्वयन गराउन सामूहिक रूपमा पहल गर्ने निर्णय पनि सभाले लिएको  छ।

**सिलिगुडी -मेयर बैठक**

सिलिगुडी नगर निगमका मेयर गौतम देवले बर्धमान रोड फ्लाइओभर र निवेदिता रोडको कामको बारेमा आज विभागीय अधिकारीहरूसँग बैठक गर्नुभयो । बैठकमा दुवै परियोजनाको प्रगतिको समीक्षा गरिएको थियो । फ़्लाई ओभरको उद्घाटन 15 फरवरीको दिन गर्ने तय भए पनि रेलको कार्यमा अपेक्षित तेजी  नआउँदा ढिलाइ भएको मेयर गौतमदेवले बताउनु भएको छ । तर, फ्लाइओभरको रंगरोगन गर्ने काम भने पीडब्लूडीले पूरा गरेको छ ।अबको केही दिनमा बाँकी काम सम्पन्न गरी फ्लाइओभरको तल्लो भागको सरसफाइ गरी पार्किङ व्यवस्था शुरु गरिने उहाले बताउनु भएको छ । यसका साथै त्यहाँ पार्क निर्माणको काम पनि सुरु हुनेछ। साथै, मेयरले मानिसहरूलाई ट्राफिकमा सुविधा गर्न निवेदिता रोडको काम पनि चाँडै सुरु गरिने जानकारी दिनुभएको छ।

**खरसाङ-तीनधारे- रोड निर्माण  शिलान्यास**

खरसाङ खण्ड अन्तर्गत घैयाबारी ग्राम पञ्चायत दुईको तीनधारे चियाबारी क्षेत्रमा नयाँ रोड निर्माणको  शिलान्यास कार्य सम्पन्न गरिएको छ। तीनधारे चियाबारीको चिलाउनेधुरादेखि भुले गाउँसम्म पुग्ने सडक निर्माणको लागि शिलान्यास कार्य सम्पन्न गरिएको छ। यसको साथै तीनधारे चियाबारीको प्रधानमन्त्री ग्राम सडक योजना क्षेत्रदेखि भुले गाउँसम्म स्थायी  ढलाई  कार्यको पनि शिलान्यास गरिएको छ। उक्त शिलान्यास कार्य तीनधारे चियाबारीको कारखाना नजिक क्षेत्रमा सम्पन्न गरिएको थियो। शिलान्यास कार्यक्रममा खरसाङ पञ्चायत समिति सभापति अनु छेत्री, क्षेत्रीय सभासद नवराज छेत्री, तीनधारे चियाबारीका प्रबन्धक उपस्थित हुनुहुन्थ्यो।

**बागडुग्रामा गोर्खा सांस्कृतिक प्रदर्शनी तथा खाद्य उत्सव**

बागडुग्रामा गोर्खा सांस्कृतिक प्रदर्शनी तथा खाद्य उत्सव–२०२६ आयोजना हुँदैछ ।गोर्खा गौरव संस्था, सिलिगुडी को आयोजनामा गोर्खा समुदायको समग्र सामाजिक–सांस्कृतिक पहिचान झल्काउने उद्देश्यसहित गोर्खा सांस्कृतिक प्रदर्शनी एवं खाद्य उत्सव–२०२६ आयोजना हुने भएको छ। पञ्चन रोड, पानीट्याङ्की रोड, अपर बागडोगरामा उक्त कार्यक्रम २८ जनवरीदेखि १ फरवरी  २०२६ सम्म सञ्चालन हुने आयोजक समितिले बताएको छ।

**कोलकाता  आनंदपुर इलाका  - गोदाम  लगी भीषण आगलागी**

कोलकाताको आनन्दपुर क्षेत्रमा रहेको एक गोदाममा आगलागी हुँदा मृत्यु हुनेको संख्या आठ पुगेको छ। पश्चिम बंगाल पुलिसले आज यसको पुष्टि गरेको छ। यस दुर्घटनामा अझै पनि धेरै व्यक्ति लापत्ता  रहेका छन्  भने घटनास्थलमा खोजी तथा बचाउ अभियान कार्य लगातार जारी छ । पुलिस अनुसार सोमबार बिहान तीन बजेतिर नजिराबादस्थित सुख्खा खाद्य गोदाममा आगलागी भएको थियो।

****** ० ******